**Tribhuvan University Journal**
**Vol. 38, No. 2: 173-190, December 2023**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v38i2.60781**

# 'प्रिय मौनता' कवितासङ्ग्रहमा उदात्तता

***अशोक थापा***

*नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर*
*इमेल : kazithapa@gmail.com*

Received date: 28 Feb. 2023- Accepted date: 29 Aug. 2023

## लेखसार

प्रस्तुत अनुसन्धानमूलक लेखमा कवि नेत्र एटमको कवितासङ्ग्रह 'प्रिय मौनता' लाई मूल पाठका रूपमा लिएर उक्त सङ्ग्रहमा उदात्तता सिद्धान्तको प्रयोग के-कसरी भएको छ भनी निष्कर्ष निकालिएको छ । समर्पण, उपासना, नीरवता र अनन्तता मुख्य विषय रहेको यस सँगालोमा प्रकृति र अमूर्त प्रणयशील भाव प्रयोग भएका छन् । पृथक् काव्यिक संरचनाभित्र भाषिक कलाको प्रस्तुति, नीरवताभित्र गहन वैचारिकी, अनन्तसम्म समर्पित निसर्त प्रणयचेतना, प्रकृतिको उपासना आदिको प्रयोगले यस सङ्ग्रहमा उदात्तता चिन्तनको प्रयोग भएको देखिन्छ । प्रभावोत्तेजक प्रस्तुति र प्रकृतिको अतिउच्च रहस्यात्मक भावभङ्गीयुक्त बिम्बको प्रयोगले प्रस्तुत सँगालो उल्लेखनीय छ ।

**शब्दकुञ्जी :** अनन्तता, नीरवता, भावाडम्बर, मौनता, वैचारिकता

## विषयपरिचय

नेत्र एटम (२०२६, दाङ) नेपाली कवि हन् । उनले कविताबाहेक गीत, गजल, निवार्ता र समालोचनाको सिर्जना गरेका छन् । *प्रिय मौनता* (२०७७) उनको पहिलो कवितासङ्ग्रह हो । प्रस्तुत सँगालोका कवितालाई उनले उपासना कविता भनेका छन् । यसै सँगालोका भूमिकाकार पुष्प दमाईले यस सङ्ग्रहका कविताहरूलाई नीवरताको शौन्दर्यशास्त्रीय चिन्तनबाट विवेचना गर्न सकिने आधार प्रस्तुत गरेका छन् (दमाईं पृ. ८०) । कवि स्वयम्ले यस सँगालोमा रहेका कवितालाई प्रणयको प्यासन, प्रमुदित प्रकृति, अभीप्साको उद्बोधन, स्मृतिको क्याराभान र उपासनाको आलोक गरी पाँच खण्डमा विभाजन गरेका छन् (एटम, पृ. ११४) ।

दार्शनिक विचारनिर्माणमा ग्रिसेली चिन्तक प्लेटो र एरिस्टोटलको स्थान उच्च छ । यसै हाराहारीमा अर्का ग्रिसेली चिन्तक लोन्जाइनसको नाउँ पनि उतिकै महत्त्वपूर्ण देखिन्छ ।

यद्यपि लोन्जाइनसका विषयमा विविध विवाद (व्यक्तिगत, सिर्जनागत र अस्तित्वगत) रहेको कुरा साहित्येतिहासकारहरूले उल्लेख गरेका छन् तर लोन्जाइनसलाई 'उदात्तता सिद्धान्तका' प्रवर्तक भने मानिएकै छ । उदात्तता साहित्य अभिव्यञ्जनको अनिर्वचनीय वैशिष्ट्य हो । विचारको उदात्तता, भावको तीव्रता, समुचित अलङ्करण, पदरचनाको भव्यता र रचनाको गरिमा गरी लोन्जाइनसले उदात्तताका आधारभूत पाँच तत्त्व मानेका छन् (लोन्जाइनस, पृ. ८०) । उनीपछिका साहित्यचिन्तकहरूले पनि साहित्यमा उदात्तताको विचारलाई अनुसरण गर्दै थप केही मान्यताहरू उल्लेख गरेका छन् । प्रस्तुत लेखमा लोन्जाइनस र उनीपछिका साहित्यचिन्तकहरूले स्थापना गरेका उदात्तताको अवधारणाबारे विमर्श गर्दै कवि एटमको *प्रिय मौनता* कवितासङ्ग्रहका कवितामा उदात्तता चिन्तनको प्रयोग के-कसरी भएको छ भन्ने कुराको खोजी गर्ने मूल उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी तयार पारिएको छ । कविताको विवेचना गर्ने सन्दर्भमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । पुस्तकालय कार्य तथा विद्युतीय सञ्चार माध्यममा उपलब्ध सामग्रीको खोजी तथा व्याख्या गरी सम्बद्ध पूर्वअध्ययनको मूल्याङ्कन गरिएको छ । *'प्रिय मौनता'* कवितासङ्ग्रह यस अध्ययनको प्राथमिक स्रोत हो । अतीतमा भएगरेका पुस्तकसमीक्षा, समालोचना, टिप्पणी आदि यस अध्ययनका द्वितीयक सामग्री हुन् । प्रस्तुत लेखमा यिनै पद्धति र पूर्वसाहित्यको अवलोकन गरी सम्यक् निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

दार्शनिक बहुविचार निर्माणमा प्लेटो, एरिस्टोटल र रोमनकालीन समयमा अर्का चिन्तक लोन्जाइनसको स्थान उच्च छ । चिन्तनमा प्रसिद्धि पाए तापनि लोन्जाइनसको योगदानको विषयमा वादविवाद छ । यद्यपि उदात्तताको सिद्धान्तको प्रतिपादकका रूपमा लोन्जाइनस्लाई विशेष रूपमा स्मरण गर्नुपर्छ (अब्राहम्स पृ. ३०८) । साहित्यमा उदातत्ताको प्रभाव अनुनयका लागि गरिँदैन, बरु सम्मोहनको उद्घाटनका लागि गरिएको हुन्छ । उदात्तताको प्रस्तुतिले सम्पूर्ण पाठकलाई सम्मोहित गरेको हुन्छ किनभने यसको प्रभाव पूर्वनिर्धारित होइन, आकस्मिक प्रकृतिको हुन्छ (उप्रेती पृ. २०८) । महान् कविता तथा इतिहासकारले ख्याति आर्जन गर्ने साधनका रूपमा उदात्ततालाई लिएको हुन्छ । उदात्तताको सम्प्रेषण गर्नका लागि कवि-लेखकले आफ्नो सिर्जनामा अभिप्रायलाई कसरी प्रयोग गरेका हुन्छन् भन्ने कुरा महत्त्वपूर्ण रहन्छ ।

उदात्तता नैसर्गिक विशेषता होइन, उत्पाद्य पनि हो । लोन्जाइनसले उदात्ताको उत्पत्तिको लागि केवल प्रतिभा मात्र प्रर्याप्त हुँदैन भन्दै यसका लागि ज्ञान वा व्युत्पत्ति पनि आवश्यक रहेको जनाएका छन् (लोन्जाइनस पृ. ७९) । सामान्य अनुभवको घेराबाट

पाठकलाई बाहिर आकर्षित गर्न लेखकले आफ्नो सिर्जनामा उदात्तताको प्रयोग गर्छ । सामान्य प्रतिभाले नभई विराट् क्षमताले मात्र साहित्यमा उदात्तता सिर्जना गर्न सकिन्छ । गहन साधनाविना उदात्त प्रकृतिको साहित्य जन्मँदैन किनभने अभ्यासले मात्र पनि कविता त बन्छ तर त्यसले उच्चता छुन सक्दैन । महत् विचार, भव्य अभिव्यक्ति तथा चिन्तन र भाषाको प्रेरणाप्रद संयोजनलाई श्रेष्ठ साहित्यका विशेषता ठान्ने समालोचकीय मान्यता नै उदात्तता सिद्धान्त हो र यसको प्रवर्तक इस्वीको पहिलो शताब्दीका ग्रिसेली समालोचक लोन्जाइनसले 'अन द सब्लिम' कृतिमा यो कुरा उल्लेख गरेका छन् (एटम, पृ. ५७) । लोन्जाइनस उदात्तताको चेतना नभएको कविलाई खासमा कविको दर्जा नै दिन मिल्दैन भन्ने उग्र मान्यता राख्छन् ।

उदात्तता दार्शनिक चिन्तन हो । मानवीय सोचाइको उच्चताका रूपमा पनि यसलाई बुझ्ने गरिएको छ । विशेष गरी प्राचीन समयदेखि नै साहित्यको प्रयोजनका सन्दर्भमा उदात्तताको चिन्तनमाथि बहस आरम्भ भएको देखिन्छ । पछिका स्वच्छन्दतावादी कविहरूले पनि यसको अनुसरण गरेका छन् । अठारौँ शताब्दीमा यस चिन्तनको प्रयोगका लागि युरोपमा एउटै अभियान आरम्भ भएको देखिन्छ । हामी अनुपम प्रकृतिको छटा देख्छौँ र त्यसको प्रभावले अवाक् हुन्छौँ अनि शब्दहीनताको अवस्थामा पुग्छौँ, त्यो उदात्तताको क्षण हो । जब कुनै वस्तु वा सिर्जनाले प्रभावको हद नाघ्छ, त्यसपछिको अस्पष्ट किरिङमिरिङको समय उदात्तताको अवस्था हो । यसलाई सिर्जनामा तन्मयताको अवधि पनि भन्न सकिन्छ । पाठकलाई दिमाग शून्यताको परिस्थितिमा पुऱ्याउनु उदात्तताको क्षण हो (सुवेदी पृ. ९८) । हामी प्रकृतिका कुनै दृश्यबाट बेहद प्रभावित हुन्छौँ अनि लामो लामो सास लिँदै निःशब्द हुन्छौँ' त्यो उदात्तताको स्थिति हो । सुरुमा मोनालिसाको तस्बिर देख्दा दर्शक निःशब्द भएका थिए, त्यो पनि उदात्तताकै अवस्था हो । पाठकमा सिर्जना गरेको विस्मयकारी भावको अवस्था नै खासमा उदात्तता देखिने हो । स्रष्टाको प्रतिभा र उसको सिर्जनाको महान्ताको तहबाट उदात्तता मापन गरिन्छ । कवितासिर्जना गरेर मात्र हुँदैन; कवितालाई पाठकको दिमागमा पुऱ्याउन कविले एउटा कुशल चालकको भूमिका खेल्न पनि सक्नुपर्छ । उदात्त प्रकृतिका कविताले बिजुलीको प्रवाहले जस्तै पाठकलाई झट्का दिने गर्छ, बाढीले जस्तै भावनात्मक अनन्ततातिर बगाउने गर्छ र भावगत आँधीले झैँ उडाउँछ (रोरन पृ. ६७) । हामी सानो धाराको पानीको छहराभन्दा सागरको लहरीलाई प्रशंसा गर्छौं, उदात्त प्रकृतिका कविताले सागरको छालले जस्तो विस्मयकारी प्रभाव छोड्छ । आगोको सानो झिल्कोले भन्दा ज्वालामुखी विस्फोटको तहमा हामी अचम्मित हुन्छौँ । प्रकृतिको अद्भूतपनले हामीलाई छक्क पारे जस्तै उदात्त कविताले हामीलाई वाणीविहीन बनाउँछ र एक प्रकारको किंकर्तव्यविमूढताको अवस्थामा पुऱ्याउँछ । लोन्जाइनसपछि उदात्ततालाई एडमन्ड बर्कले

चर्चा गरेका छन् (बर्क पृ. २५४)। उनले लोन्जाइनसको सिद्धान्तको थप विवेचना गर्दै सौन्दर्य र आनन्दका विषयमा व्यापक चर्चा गरेका छन् । उदात्ततालाई अर्का चिन्तक इमानुयल कान्टले पनि थप बहस गरेका छन्। उदात्तता प्रकृतिको आलम्वनमा स्रष्टाको मानसिकताबाट निःसृत हुन्छ भन्ने मान्यता उनको छ। उदात्ततालाई साहित्य तथा कलाका विविध विधामा प्रयोग गर्न सकिए पनि कवितामा अधिक प्रयोग गरिएको कुरा उनले स्वीकार गरेका छन् (कान्ट, पृ. ३७) । उन्नाइसौँ शताब्दीमा उदात्ततालाई साहित्यिक र कलात्मक आन्दोलनका रूपमा विकास गरिएको हो, जसअनुसार स्वच्छन्दतावादी कवि विलियम वर्डस्वर्थ, किट्स, सेली, बायरन आदिले उदात्तताको सिद्धान्तलाई नजिकबाट नियालेको पाइन्छ । कवितामा उदात्तता भनेको सिर्जनामार्फत विस्मय र आनन्दको अनुभवको चित्रण गर्नु हो । कवितामा, उदात्त अनुभवहरूले सामान्यतया प्रकृतिको समावेश गरिन्छ, किनकि प्रकृतिको विशालतामा विस्मय भावना उत्पन्न गर्ने बलियो क्षमता हुन्छ । कवितामा, उदात्ततालाई पाठकमा तीव्र भावना जगाउन प्रयोग गरिन्छ। अन द सब्लाइम ग्रन्थमा लोन्जाइनसले के तर्क गरेका छन् भने कविताको उद्देश्य पाठकमा तीव्र भावुक भावनाहरू सञ्चरण गर्नु हो (लोन्जाइनस पृ. ८०) । यस चिन्तनका मुख्य अवरोध पक्षहरूलाई यसप्रकार चर्चा गर्न सकिन्छ ।

## उदात्तताको अवरोधक

पाश्चात्य साहित्य चिन्तनपरम्परामा उदात्तताको निर्माण कसरी हुन्छ ? भन्ने सवालमा व्यापक बहस गरिएको छ। जब कतिपय कुराहरू चेतनाको नियन्त्रणभन्दा बाहिर पुग्छन् तब उदात्तताको सिर्जना हुन्छ । सबै भावना व्यक्त गर्नका लागि हामीसँग शब्द अप्रयाप्त हुन्छन् । त्यस शब्दसङ्कटको बेला हामी उदात्तताको चरममा पुगेका हुन्छौँ । जब सिर्जना एउटा सुन्दरताको मानकभन्दा माथि छ भनेर हामी किंकर्तव्यविमूड हुन्छौँ तब उदात्तताले चुली छुन्छ (केनेडी पृ. २७०)। प्राकृतिक सुन्दरताको विराटताले उदात्तताको जन्म दिन्छ । चेतनाको निलम्बनबाट मात्र उदात्तताको भाव जागृत भएको हुन्छ । एकप्रकारको भावनात्मक झट्काको प्रवाहबाट उदात्तता सिर्जना हुने गर्छ। साहित्यमा सधैं उदात्तताको चित्रण नहुनसक्छ । यस चिन्तनमा समीक्षकको अपजसीय बानीको विरोध गरिएको छ । समालोचकले उदात्तताको भाव बिर्सेर साहित्य विवेचना गरेका पनि हुन्छन् । उदात्तताको भावहरण हुने केही अवस्था हुन्छन्। यसलाई लोन्जाइनसले उदात्ताको अवरोधक मानेका छन्। उनका अनुसार शब्दाडम्बर, बचकानापन र भावाडम्बरले उदात्तताको निसृतिमा अवरोध पुऱ्याएका हुन्छन् ।

### शब्दाडम्बर

शब्दाडम्बर उदात्तताको प्रमुख अवरोधक हो । यसले साहित्यको अतिक्रमण मात्रै गर्दैन निष्प्रभावी बनाइदिन्छ । उदात्तताका लागि पहिलो लेखकको व्यवहार कुशल

(एफेक्टेसन) हुनुपर्छ (रसेल, पृ. १११) । हरतरिकाले लेखकको आनिबानी सही हुनुपर्छ । दोस्रो कवि-लेखकमा अति लगाव (एक्ट्रा कन्सन्ट्रेसन) हुनुहुँदैन र तेस्रो सार्वजनिन व्यवहारको पुरै वेवास्त पनि गरिनु हुँदैन ।

## बचकानापन

बचकानापनले साहित्यलाई जड बनाइदिन्छ । साहित्यमा बालहठ, अति सरल, अप्राज्ञिक, अबौद्धिक लाग्ने खालका तर्कबाट कवि-लेखक बाँच्नुपर्छ (लेभिन, पृ. ९९) । लेखक बचकाना व्यवहारबाट सावधान हुनुपर्छ । स्वभावमा बालसुलभता र विचार सम्प्रेषणमा प्रौढताको अपेक्षा उदात्तता सिद्धान्तमा गरिन्छ ।

## भावाडम्बर

भावाडम्बरलाई मिथ्या भावसम्प्रेषणको अवस्था पनि भनिन्छ । लेखनका क्रममा अनावश्यक स्थानमा भावुकता आयो भने साहित्य पठनीय बन्नमा अवरोध पुग्छ । जहाँ त्यस प्रकृतिको भावको आवश्यकता पर्दैन त्यस ठाउँमा जबर्जस्ती भाव प्रस्तुत गर्नु भावाडम्बर हो (सेड्ली, पृ. १२१) । अनपेक्षित ठाउँमा जबर्जस्ती भाव फैलाउनु अनपेक्षित, अनुचित र भावावितिरेक पनि हो जसलाई समस्टिमा भाव आडम्बर भनिएको छ । संवेगात्मक कुराको बढाइचढाइ, सूक्ष्म भावात्मक प्रस्तुतिले पुग्ने ठाउँमा अतिव्याख्या वर्जित हुन्छ । उपर्उल्लिखित तीन कुराले साहित्यलाई उदात्त हुनबाट रोक्न सक्छ । यी अवरोधकले साहित्यलाई मिथ्या उदात्तीकरण (फल्स सबलाइम) मा पुऱ्याउँछ । पूर्वीय साहित्यशास्त्रको काव्यदोषजस्तै लोन्जाइनसले उदात्तताको अवरोधक तत्त्वको विशद व्याख्या गरेका छन् ।

लोन्जाइनसले 'पेरि इप्सुस' नामक ग्रन्थमा सबै महान कविलेखक, दार्शनिक विचारक आम मान्छेभन्दा फरक हुन् (डेभेरिस, पृ. ३२) । त्यसैले उनीहरूमा उदात्तताको गुण वाञ्छनीय छ । उच्चादर्श गुणले लेखकलाई सामान्य धरातलबाट उठाएर विस्तृत मानससम्म पुऱ्याउँछ । गुणी साहित्यकारले रचेको साहित्य श्रेष्ठ हुनुपर्छ । श्रेष्ठ साहित्यको लक्ष्य पाठकको अन्तर्यमा हर्षातिरेक उत्पन्न गर्नु हो । यसले पाठकलाई पार्थिक जगतबाट माथि उठाएर आत्मविस्मृतिको अवस्थासम्म पुऱ्याउँछ । तीव्र प्रतिभप्रतिभा तथा विचार अनि कालको कलात्मक संयोजनबाट लेखकमा यस प्रकृतिको शैलीको विकास हुनेगर्छ ।

लोन्जाइनस्ले अर्को मान्यता के राख्छन् भने प्रतिभावान् तथा कल्पनाशील स्रष्टाले श्रेष्ठकलाको सिर्जना गर्नसक्छ । यस प्रकृतिका लेखकका कृतिमा प्रभाववोत्पादकता अधिक हुने गर्छ जसमा पाठकलाई आनन्दातिरेकको स्थितिमा पुऱ्याउँछ । सर्जकको काम पाठकलाई उदात्त चिन्तनमा डुबाएर तन्मयतामा पुऱ्याउनु हो तर वितन्डा मच्चाएर पाण्डित्य छाट्नु होइन । यो पनि बुझ्नु हुँदैन सर्जक खाली शब्द-साधनामात्र गरेर पाठकलाई अलमल्याउने

पक्ष मात्र होइन । आफ्नो प्रतिभा तथा कल्पना र अभिव्यक्तिको सम्मोहन शक्तिले सिर्जनालाई महान बनाउनु पर्छ (एटकिन्स, पृ. ६७) । साहित्यको शक्ति यसैमा निहित छ ।

## उदात्तताका पाँच तत्त्वहरू

### विचारको उदात्तता

साहित्यको सन्दर्भमा उदात्तताले विस्तारित तथा महानतम् भावबोध गराउँछ । मूर्त वस्तुको विशालता मापनीय हुनसक्ला तर साहित्यजस्तो अमूर्त चिजको भने विशालता अदृश्य हुने गर्छ । लोन्जाइनसले विशालतालाई भव्य चिन्तन (ग्रान्ड थट) भनेका छन् भने एडमन्ड बर्कले उदात्तताको प्रमुख विशेषता नै विशालता (भास्टनेस अफ थट) भनेका छन् । यहाँ विशालता भन्नाले चिन्तनको फराकिलोपन भन्ने बुझ्नुपर्छ । यो सापेक्षित कुरा हो । उदात्तता साहित्यको पठन गर्दा यो चराचर जगत, यो भौतिक संसार अत्यन्त्यै सानो लागोस् । साँघुरिएको अनुभूति होस् । मानव अपेक्षाका सानासाना कुरा अति नै सूक्ष्म लागून् । उदात्तताले अपेक्षा गर्ने विशालता हो । उदात्त चिन्तन स्थापना गर्ने चाहने कवि-साहित्यकारले विशालतालाई अनुसरण गरेका हुन्छन् । विशालतालाई सम्बोधन गर्न नसक्ने कवि-लेखक खासमा सर्जक नै बन्न सक्दैनन् । उदात्त साहित्यमा विशाल हुनुको गुण हुने गर्छ । भव्य चिन्तनले मात्र उत्कृष्ट साहित्य सिर्जना हुनसक्छ । लेखकको चिन्तन र सोचाइको दायरा व्यापक हुनुपर्छ ।

उदात्ततामा विशेष गरी विचारको महत्त्व रहने गर्छ । विचारको उदात्तताका लागि लेखक वा वक्ताको आत्मा महान हुनुपर्छ । उदात्तता महान् आत्माको प्रतिध्वनि हो । महान आत्माको अर्थ के हो भने व्यक्तिको विचार र व्यवहार महान् होस् । आदर्श विचारको अनुकरणबाट पनि वैचारिक महत्ता प्रतिपादित हुनसक्छ । साहित्यमा विचारको उदात्तता रहनुपर्छ ।

### भावको तीव्रता

उदात्त चिन्तन महान मानवीय विचार हो । यसको सम्बन्ध महान् आत्मासँग छ । साहित्यिक भावको भव्यतामा सर्जकले सत्यताको स्थापना गर्छ । सर्जक अतिरञ्जित भावबाट जोगिनुपर्छ किनभने साहित्यबाट सम्प्रेषित भाव कुनै हदसम्म पनि अविश्वसनीय नलागोस् । अविश्वसनीयताले साहित्यबाट निस्सृत आह्लादपनको मार्गमा बाधा पुऱ्याउँछ । अतः सिर्जनामा भावको मात्र सन्तुलित हुनुपर्छ । साहित्यिक भाव औचित्यपूर्ण हुनुपर्छ । साहित्य औचित्यपूर्ण भएर मात्र पुग्दैन हरपल इन्द्रियजन्य भावबाट मुक्त हुने खालको हुनुपर्छ ।

लोन्जाइनसले भावको तीव्रताका सन्दर्भमा अनन्तता (इन्फिनिटिभ) को व्याख्या गरेका छन् । यहाँ अनन्त भन्नाले सामान्यतया कुनै प्रकारको अन्त्य, सीमा, समाप्ति वा

निर्धारक कारक नभएको अवस्था बुझ्नुपर्छ । मन गतिशील हुन्छ । साहित्यले मानवमनलाई अनन्ततामा विचरण गराउँछ । लोन्जाइनसपछि दार्शनिक बर्कले के भनेका छन् भने उदात्तताका सन्दर्भमा आवाज र अनुभवहरूले मानव दिमागमा प्रतिध्वनि छोडिरहन्छ (बर्क, पृ.४६) । त्यस्ता प्रतिध्वनिहरू अनन्तताको सूचक हुन् । अनन्त भाव भएको कविताले पाठकलाई चैतन्यमा पुऱ्याउँछ ।

भावको तीव्रताकै सन्दर्भमा एकान्तको भाव, शून्यताको भावसाथै नीरवताको भाव पनि सिर्जना हुनसक्छ । अँध्यारो र रहस्यमय चिजहरू स्वाभाविक रूपमा उदात्त लाग्छन् । त्यसैले प्राचीन धर्महरूले आफ्ना मन्दिरहरूलाई अँध्यारो राखेका थिए । त्यसैले पनि निरंकुश सरकारले आफ्ना शासकलाई जनताको नजरबाट टाढा राख्न खोज्छ । काव्यका कतिपय सन्दर्भमा रात र अन्धकार पनि उदात्त छन् । बुर्क विशेष गरी मिल्टनको मृत्युको वर्णनबाट प्रभावित छन्, जो निराकार, अस्पष्ट र डरलाग्दो छ । लोन्जाइनस् पछि बर्कले तर्क राख्छन्, 'यस विवरणमा सबै अँध्यारो, अनिश्चित, भ्रमित, भयानक र अन्तिम स्तरसम्म उदात्त छ ।' भन्ने शब्दहरू सकिएपछि मौन सन्नाटा र निराकर नीरवताको भाषा सौन्दर्यनिष्ट मात्र हुँदोरहेनछ शक्तिशाली साङ्केतिक भाषाको प्रयोग हुँदोरहेछ (बर्क, पृ.३०५) । कवितामा भावको तीव्रताले उदात्तता सिर्जना गर्छ ।

## अलङ्कारको समुचित प्रयोग

लोन्जाइनसले उदात्ततालाई साहित्यको साधनको रूपमा प्रयोग गर्न सकिन्छ तर साध्यका रूपमा होइन भनेका छन् । उदात्तताका लागि अलङ्कारलाई साध्य मान्ने हो भने कथ्य बोझिलो हुन जाने खतरा हुन्छ । उनले अलङ्कार तत्त्व उदात्ततालाई प्रभावकारी र तीव्र बनाउने साधनमात्र हो भनेका छन् । कतिपय सन्दर्भमा अलङ्कारको अधिक प्रयोगबाट बच्नु पनि आवश्यक हुन्छ । अलङ्कारको प्रयोग त्यस बेलामात्र गर्नु पर्छ जहाँ अपरिहार्य ठानिन्छ ।

चित्रात्मक भाषा, यसलाई सम्प्रेषण गर्ने संरचना, लक्ष्यार्थ बोध गर्ने शब्दको छनोट गरेर मात्र सही साहित्य उम्रन्छ । सही शब्द प्रयोग गर्न नसक्ने लेखकले, रूपकको प्रयोग गर्न नसक्नेले सर्जकले सही साहित्य सिर्जना गर्न सक्दैन । प्रकृति र कलाको संयोजनबाट उदात्त साहित्य जन्मन्छ ।

अलङ्कार सँगै पदयोजनाको भव्यता पनि उदात्तताका लागि उत्तिकै आवश्यक देखिन्छ। उदात्तताका लागि पाठक आकर्षित हुन अनिवार्य छ । त्यसका लागि उपयुक्त तथा मनोहरी पद अपेक्षित हुन्छ किनभने त्यस्ता पदले मात्र स्रोता तथा पाठकलाई आह्लादित गर्नसक्छ । साहित्यको गरिमा, रमणीयता, स्निग्धता सिर्जना गर्ने पनि यस्तै शैलीले साहित्यमा काम गर्छ । ललित शैलीको विकासका लागि यस प्रकृतिका पदावलीको अधिक प्रयोग अपेक्षित हुन्छ । यस प्रकृतिको पदावलीले जीवनसँग सम्बद्ध भाव व्यक्त गर्छ । अङ्ग्रेजी साहित्यमा प्रयोग हुने

रूपक (मेटाफोर) यस्तै अवयव हो । पदयोजनाको भव्यतालाई पनि यसै सन्दर्भमा कलात्मक (एक्सिलेन्सी, ग्रान्ड) लयात्मक भनेर लोन्जाइनसले परिभाषित गरेका छन् ।

### रचनाको गरिमा

साहित्यिक रचना सम्यक् हुनुपर्छ । जतिसुकै राम्रा शब्दको प्रयोग गरे पनि यदि त्यहाँ क्रमभङ्गको अवस्था छ भने त्यसले पाठकमाझ सम्यक प्रभाव छोड्न सक्दैन । यसलाई पदविन्यासको कौशलमा मात्र सीमित गरेर बुझ्नु हुँदैन । लोन्जाइनसले सिर्जनामा उपर्उल्लिखित पक्षहरूको सही संयोजनको अपेक्षा गरेका छन् । जबसम्म यी सबै अङ्गको समीचीन विन्यास गरिएको हुँदैन त्यस सृजनामा उदात्तता पाउन सकिँदैन ।

लोन्जाइनस र उनका उत्तराधिकारीहरूको प्रस्तुत चिन्तनको अध्ययनपछि कविता विश्लेषणका निम्नोल्लिखित आधार बनाउन सकिन्छ: विचारको विशालता, संरचनाको उचाइ एवं कलात्मक प्रवाह, निराकार, नीरवता र अनन्तता । प्रस्तुत सूचकका आधारमा कवि नेत्र एटमको 'प्रिय मौनता' कवितासङ्ग्रहको विवेचना गरिएको छ ।

## प्रिय मौनताको कृतिगत सन्दर्भ

*प्रिय मौनता*को शीर्षक पूर्णतः प्रेमकविता गोचर हुन्छ । यसभित्र राखिएका प्रणयको प्यासन, उपासनाको आलोक आदिले पनि प्रणयनिष्ठ कविताको सँगालो भन्ने बोध हुन्छ । एपिग्राफ (समर्पण) लाई समेत गणना गर्ने हो भने यो सँगालोमा ६३ वटा कविताहरू समाहित छन् । यहाँ कविले प्रकृतिको पूजन, प्रणयको सम्मान, आशक्तिको प्रतिबिम्बन गर्दै समग्रमा एउटा गहन निःशब्दता सिर्जना गरेर चिन्तनगत उदात्ततामा पुग्ने प्रयास गरेका छन् । सुन्दरतामा वशीभूत भएपछि व्यक्ति निःशब्द बन्दै मौन बस्छ । यो मौनता जटिल नभएर मायालु हुन्छ, प्रिय हुन्छ भन्ने दार्शनिक सोपानमा पुगेर विश्राम लिने काव्यात्मक रणनीति यस कृतिमा तयार गरिएको छ ।

*प्रिय मौनता* सँगालोका कवितामा काव्यका अवयवहरूलाई कलात्मक रूपमा उनेर विचारगत गहिराइको घनत्व निर्माण गरिएको छ । चिन्तनको तहमा सौम्यता एवम् बुद्धको जस्तो शान्त मौनताभित्र जीवनका यावत् जिजीविषालाई अटाएर एउटा भव्य र उदात्त चिन्तनलाई परिपाक गर्न यो कवितासङ्ग्रह केही हदसम्म सफल पनि भएको देखिन्छ । यस सङ्ग्रहमा मानवता, नारीको सम्मान, प्रकृतिको सम्मान, निःसर्त प्रेमको नमुना र निरन्तर जटिल बन्दै गरेको समकालीन समाजमा पनि मौनविद्रोही चेतना सिर्जना गर्दै मौनताको शक्ति बारुदको भन्दा भयङ्कर हुन्छ भन्ने व्यञ्जनात्मक भाव अटाउने प्रयास भएको छ । उदात्तताका दृष्टिबाट विवेचना गर्दा *प्रिय मौनता* एउटा सफल कवितालेखनको पुञ्ज हो भन्ने तथ्य निम्नलिखित उपशीर्षकका आधारमा प्रमाणित गर्न सकिन्छ :

## विचारको विशालता

*प्रिय मौनता* भित्रका कवितामा अन्तर्भूत लुप्त भावनाले पाठकलाई द्रविभूत मात्र बनाउँदैन, बरु विचारको सम्प्रेषण पनि साथसाथै गरेको देखिन्छ। यसले पाठकलाई जीवनको बारेमा चिन्तनशील बन्न मात्र बाध्य तुल्याएको छैन अन्तर्य (अन्डर करेन्ट) मा लुकेको वैचारिकीले स्पष्ट जीवनबोधको चित्र प्रस्तुत गरेको छ । यस सङ्ग्रहमा अप्रत्यक्ष रूपमा वैश्विक चिन्तन प्रस्तुत गर्दै संसारलाई सुन्दर कायामा रूपान्तरण गर्ने अभीप्सा पनि राखिएको छ ।

कवि एटमको 'अन्तर्लय' कवितामा समय क्रममा हाम्रो जीवनमा प्रणयको आभाले छुँदा संसार उज्यालो हुन्छ भन्ने भाव सम्प्रेषण भएको छ । समयको यस अनुष्ठानमा ' अप्प दीपो भवः' अर्थात् आफ्नो दीपक आफै होऊ; अरूको भरोसाप्रति अविश्वास गरिएको छ र आफ्नो प्रेरणाको स्रोत स्वउत्प्रेरित हुनुपर्छ भन्ने चिन्तन प्रस्तुत भएको छ । यसले मान्छेलाई अँध्यारोबाट उज्यालोतिर लैजान्छ भन्ने भाव प्रस्तुत भएको देखिन्छ। हामीले गर्ने क्रियाकलापको भागिदार हामी आफैँ हुन्छौँ, अतः हाम्रो मनमस्तिष्को नियन्त्रण हाम्रै हातमा हुनुपर्छ । जीवनको उपासनामा हामीले हाम्रो अन्तर्यबाट स्वनिर्देशित भएर अगाडि बढ्दा हामी आफैं एउटा उन्नत चिन्तनसहितको जीवन बाँच्न सक्छौँ भन्ने आशावादी वैचारिकी यहाँ प्रस्तुत भएको छ :

जहाँ हरेक बिहानसित उदाउने छ
आकाङ्क्षाको एउटा अपूर्व ज्योति
अनि प्रत्येक रातसित अङ्कुराउने छ
चिन्तनको एउटा नवीन बीज !
जीवनको उपासना भइरहँदा
प्रेमको लयात्मक आभाले स्पर्श गरिरहोस्
हाम्रो तन र मनमा,
अप्प दीपो भवः....
तमसोमा ज्योतिर्गमय (पृ. ७७)

बफादार बनेर कसैलाई सम्झिँदाको भावना अव्याख्येय हुने कुरा बोध गरी यी पङ्क्तिहरूमा हरेक क्षण सोचाइको नयाँ बीज उम्रिए जस्तो अनुभव गरेका छन् कविले । कविले परिकल्पित दृश्य-अदृश्य वस्तुप्रति समर्पित हुँदाको क्षणलाई विशिष्ट रूपमा व्याख्या गर्दै जीवनमा स्वर्णिम उज्यालोको सिर्जना भएको अनुभूतिगत भाव व्यक्त गरेका छन् । यी कवितांशमा उदात्तताले नैतिक, बौद्धिक, सफापन र कोमलतालाई प्रस्तुत गरेको देखिन्छ । मानिसका लागि सबैभन्दा बलियो कार्य भनेको आफ्नो 'स्व'लाई माया गर्नु हो, आफू आफ्नै सामर्थ्यले सफल बन्नु र समाजमा चम्कनु (ज्योतिर्गमय) हो, जुन आरम्भमा अविश्वसनीय

पनि लाग्न सक्छ भन्दै यहाँ कलात्मक शब्दद्वारा विशिष्ट विचार प्रस्तुत गरेर कविले विशेष खालको वैचारिक धरातल निर्माण गरेको देखिन्छ ।

एटमको 'नङ्गेली ब्लुज' कवितामा पुरुष दमनको नग्न र पाशविक परिवेशको चित्रण गरिएको छ । हाम्रो समाजमा जातीय विभेद कम भएको छैन तर भारतको एउटा घटनालाई स्रोत बनाएर 'नङ्गेली ब्लुज' कविता सिर्जना गरिएको छ। दलित स्त्री भएकै कारण आफ्ना स्तन ढाक्न सरकारलाई तिरो तिर्नुपर्ने अवस्थालाई उभ्याएर कविले संसारभरिका शोषित-पीडित महिलाहरूले आफ्नो आवाज बुलन्द गर्नुपर्छ भन्ने भाव यस कवितामा प्रस्तुत गरिएको छ ।

रगतकै लुगा लगाऊ नङ्गेली !
रगतकै आँसु सुकाऊ च्यादरमा,
रगतकै हावाले सास फेरेर
हिँड सानसित रगतकै बाटोमा लमक-लमक
गुलिभर छाया तेर्छ्याएर लिलिपुटे पहिचानमा
काला कानुनका मालिक हौँ भन्नेका अघिअघि
जुटाऊ हिम्मत नङ्गेली (पृ. ५५)

यो संसार पुरुषको प्रभुत्वमा चलेको लामो अवधि भइसक्यो । महिलाका केही प्राकृतिक विशेषताका आधारमा जहिले पनि पुरुषले उनीहरूमाथि जमाउन खोज्ने आधिपत्य अनौठो छ । त्यसको प्रतिरोधका लागि महिलाहरूमा सजिलै प्राप्त नहुने अनुग्रह, बल, बुद्धि, निडरता र पृथक् शक्तिको विकास आवश्यक छ भन्ने उदात्त वैचारिक भाव यस कवितामा व्यक्त भएको छ ।

लोन्जाइनसले उदात्ततालाई महानताको पर्यायवाची रूप भनेर व्याख्या गरेका छन्। फरक विचारसँग जुध्नका लागि स्नायुगत शान्तिको आवश्यकता पर्छ, जुन महान् र उदात्त चिन्तनबाट मात्र सम्भव छ भनिएको छ। अर्को कुरा सुन्दर र उदात्तताबिचको मुख्य भिन्नता के हो भने उदात्ततामा तीव्रता, भव्यता, विशालता र गम्भीरताको घनत्व सुन्दरतामा भन्दा अधिक हुन्छ । सुन्दरता हुँदै उदात्त भाव हाम्रो अन्तर्यमा सवार हुन्छ किनभने परिष्कृत आनन्द स्थापना गर्ने मूल तत्त्व नै उदात्तता हो । यो प्राकृतिक सुन्दरताबाट आरम्भ हुन्छ अनि सिर्जनशील उदात्तताबाट वैचारिक तहमा पुग्दा व्यक्तिमा दृढ सङ्कल्प र सकारात्मक जीवेच्छाको विकास हुन्छ। प्रस्तुत कवितासङ्ग्रहमा यस प्रकृतिको वैचारिकताको प्रयोगसुझबुझका साथ भएको देखिन्छ ।

## संरचनाको उचाइ र कलात्मक प्रवाह

काव्यमा संरचनाको उचाइलाई लोन्जाइनसले काव्यको बाहिरी तत्त्व मानेका छन् र यसलाई कविताको रूप वा बाह्य सजावटको रूपमा व्याख्या गरेका छन् । उनले

भव्य शब्द एवं शिल्पविधान आदिबाट साहित्यमा उदात्तताको सिर्जना हुन्छ भनेका छन् । भाषिक हिसाबले सधैँ अतिऔपचारिक भाषाको उपयोगलाई अस्वीकार गर्दै उनले सरल र स्थानीय शब्दको प्रयोगले पनि काव्यमा उदात्तताको भाव सिर्जना हुन्छ भनेका छन् (बर्क, पृ.९५) । साहित्यको रूप पक्ष (जस्तै : छन्द, अलङ्कार, बिम्ब, प्रतीक आदि) को सामञ्जस्यले उदात्तता सिर्जना हुन सक्छ । काव्यमा बाहिरी आवरणको छुट्टै भूमिका नभएर आन्तरिक तत्त्वसँगको सहसम्बद्धताले कवितामा उदात्तताको सिर्जना गर्छ । उदात्तता भन्नु वैचारिक पक्ष हुँदाहुँदै पनि सुन्दर काव्यात्मक प्रवाहले यसको निःसृतिमा भूमिका निर्वाह गरेको हुन्छ किनभने कलात्मक प्रवाहमार्फत चिन्तनलाई थप परिपाक बनाउन सकिन्छ । यस प्रकृतिका सौन्दर्यात्मक अवयवले कवितालाई कलात्मक मात्र बनाउँदैनन्, बरु त्यो खास बनोटले भावनिष्पत्तिमा समेत कारकीय भूमिका निर्वाह गरेको हुन्छ ।

कवि एटमले *प्रिय सपना*मा निस्तो घाम, जिन्दगीलाई श्यामश्वेत पछ्यौरा जस्ता आलङ्कारिक पदविन्यास गरेर भावप्रवाहलाई चुस्त बनाएका छन् । यहाँ प्रयुक्त कलात्मक पदलालित्यले पाठकलाई सुन्दर भावबोधमा डुब्ने अवकास दिएको छ र कविता ग्रहण गर्ने प्रतिक्रियालाई सहज पनि बनाएको छ । यस प्रकृतिको भाषाले कविताको कल्पना पक्षलाई थप सक्रिय बनाउन मद्दत गरेको छ । अन्ततः कवितामा यस्ता आलङ्कारिक शब्दहरुका माध्यमबाट तीव्र भावना र यसको प्रभावलाई व्यक्त गर्न सक्षम तुल्याइएको छ ।

समयको यो लामो डोरीमा
अलिकति निस्तो घाम
र फुटेको मुटु ढाक्ने
बादलको एउटा श्यामश्वेत पछ्यौरा (पृ. १७)

प्रस्तुत कवितांशमा प्रयोग भएका प्रतीकहरूले पाठकको मनमा एउटा मानसिक छवि सिर्जना गर्न सकेका छन् । यस प्रयोगले संरचनाको ढाँचामात्र विकास गरेको छैन, कवितालाई कलात्मक प्रवाहमा बुनेको छ र अन्ततः यो उदात्त भाव सिर्जनामा सहायक बनेको छ ।

'प्रवर्तन' कवितामा कविले अप्राप्तिमा पनि प्राप्तिको सन्तुष्टि र लक्ष्यहीन यात्रामा पनि सार्थक अर्थ भेट्टाउनुलाई यात्राको खास मनशाय रहेको सन्दर्भ उठाएका छन् । मनको यात्रा, प्रणयको यात्रा र समग्रमा अन्तश्चेतनाको यात्रा गरेर अस्वाभाविक हिँडाइमा सार्थकता यसरी भेट्टाउन सकिन्छ :

यो यात्रा
कतै पुग्नलाई हिँडेको थिइनँ
तिमीसम्मन्
केही पाउनलाई आएको होइनँ (पृ. ७५)

यस कवितामा उदात्तता र समर्पण कुनै भौतिक प्राप्तिका लागि गरिएको हुँदैन, निस्वार्थ प्रेममा अप्राप्तिमा पनि निरन्तर प्रणयप्रवाह रहने हुनाले कतै नपुग्न पनि हिँडिरहने, टुङ्गिएको बाटोमा पनि यात्राको रोमाञ्चक अनुभूति गर्ने विशेष कलात्मक सन्दर्भ प्रस्तुत गरिएको छ । अन्तर्लयको कलात्मक प्रवाहले निःसर्त प्रेमको राजमार्गमा हिँड्ने मुसाफिर हरूले केही पाउँछन् भन्ने भाव व्यक्त भएको छ। मानवजीवनमा चाहेका धेरै चिजहरू सहजै हासिल नहुन सक्छन् तर त्यो प्रकारान्तरले प्राप्तिको आधार बन्न सक्छ भन्दै कलात्मक भावप्रवाहबाट कविले नयाँ सात्विक विचार सम्प्रेषण गरेका छन् ।

कलात्मकताले पाठकको मानसिकताको सकारात्मक उत्थान गर्दछ । अलङ्कार, उखान, टुक्का, विविध मिथकीय बिम्बको प्रयोगले कलात्मकप्रवाह सिर्जना गरेका हुन्छन् । 'मिथ्या मान्छेहरू' कवितामा आजको मान्छेले धरातल गुमाएको छ । उनीहरूले आफ्नो स्वत्वलाई बिर्सेर नक्कली आडम्बरको पछि लागेको सन्दर्भलाई उठान गरिएको छ। झुटको पर्दाभित्र मिथ्याको ढोँग बोकेर हिँडेका मान्छेहरूप्रति यहाँ व्यङ्ग्य गरिएको छ । अति महत्वाकाङ्क्षा बोकेका आजको मान्छे आत्मामा मिथ्या भाव बोकेर हिँडेका छन्। विशेष गरी कम आत्म-सम्मानको भाव बोकेर हिँडेको छ आजको मान्छे। आकाशबेलीको बिम्ब प्रयोग गरेर जमिनमा नटेकेर हिँडेको मान्छेको बारेमा यो कवितांश बोलेको छ :

ओ मिथ्या मान्छेहरू !
ओर्ल अब त स्पर्धाको यथार्थ धर्तीमा
सत्ताको जर्जर आवेगमा त
आकाशबेलीको जरा पनि पलाउँदैन (पृ.५०)

यस सङ्ग्रहका कविताहरुमा देब्रे चप्पल, आकाशबेली, कमेरिएको आकाश जस्ता बिम्बको स्थापना गरेर कविताभित्र अन्तर्लय र भावप्रवाहलाई विशेष रूपमा सुन्दर बनाइएको छ । यहाँ प्रयोग भएका प्रतीकहरूले काव्यात्मक संवेदना सिर्जना गर्दै कविको विचारलाई प्रभावकारी बनाउन सहायक भूमिका खेलेका छन् ।

उदात्तता सिद्धान्तका व्याख्याकारहरूले कवितालाई शब्दहरूको नृत्य भनेर परिभाषित गरेका छन् । कवि नेत्र एटमले यस सँगालोभित्रका कवितामा कुँदिएका, यौगिक प्रकृतिका र सुललित शब्दहरूको प्रयोगले कलात्मक प्रस्तुति दिन सफल भएका छन् । साहित्यशास्त्रमा ललित अर्थ नदिने काव्यलाई काव्यको कोटिमा नै नराखिए जस्तै यहाँ कविले शाब्दिक, आर्थिक र व्यञ्जनाका तहमा कलात्मक प्रवाहलाई विशेष ध्यान दिएका छन्। धेरै कविताहरूलाई एकै ठाउँमा समायोजन गर्दा बिम्बहरू फरक पर्दै पुनरावृत्ति देखिन सक्छ तर दुई शीर्षकका कविताका केही पङ्क्तिहरू दोहोरिनुमा सम्पादनमा असचेतता पनि देखिन्छ, जस्तै : 'आगमन' (पृ. २४) र 'यादका लस्कर' (पृ. ६९) मा कवितात्मक पङ्तिहरू दोहोरिएका छन् । यसले संरचनामा पुनरावृत्तिदोष देखिएको छ; त्यसका लागि कवि सचेत

हुन आवश्यक छ । 'छाँगाबाट खसे झैँ भएँ म' (पृ. ७१) जस्ता अधिक प्रयोग (क्लिसे) दोषबाट पनि कवि एटम सचेत हुन सकेका छैनन् । यसले काव्यिक संरचनामा भद्दापन मात्रै देखिएको छैन, भावप्रवाहमा पनि थोरै अवरोध आएको छ ।

## निराकार नीरवता

मौनता वा नीरवता एउटा शक्ति हो, जसको सहायताले हामी आजको कोलाहललाई परास्त गर्न सक्छौँ । कविले 'सम्झनाको लयमा विलीन हुँदै' कवितामा समयलाई मानवीकृत गर्दै मानसरोवरको नीलिमा जस्तै एकान्त र बिछोडमा पनि एउटा भव्य परिवेश स्थापना गरेर भनेका छन् :

गहिराइबाट उडान भरेर
प्रेमको महासागर उर्लिरहने मेरो छातीसम्म
बोल न पगालेर आफूभित्र जमेको कडा बरफलाई
स्पर्श गर न शब्दका नीरव कोलाहलले
कटकटिएको धुलोजस्तो एकान्त उडिरहने
यो मनलाई बिथोलेर (पृ. ६८)

कविले प्रस्तुत कवितांशमार्फत नीरवताले भरिएको क्लान्त संसारमा पुऱ्याउने प्रयास तथा एउटा उच्चतामा पुगेपछि नीरवतालाई भत्काएर बोल्न र आफ्नो मौनतालाई भङ्ग गर्न आग्रह गरेका छन् । सुरुमा कवि एउटा एकान्त र मौन परिवेशमा यात्रा गर्न चाहेका छन् तर त्यो यात्रा गन्तव्यमा पुगिसकेपछि भने मनको भाषा, हृदयको भाषा र आत्माको भाषाबाट बोल्न तयार देखिन्छन् । मौनताभङ्ग गर्न तयार भएको आरम्भिक अवस्थाको वितृष्णाबाट नीरवता र गन्तव्यमा पुगेपछिको अतीतस्मृतिमा रही बोल्न चाहेको एउटा फरक परिवेशको चित्रण गर्न उनी सफल भएका छन् ।

'सिल्भिया आफ्नै समाधि'बाट शीर्षकको कवितामा कवि सिल्भिया प्लाथप्रति समर्पित हुँदै उनको चहानावरिपरिको नीरवतालाई सम्बोधन गरेका छन् । सिल्भिया जीवित रहँदा, त्यहाँ उनका कविताको शाब्दिक मूल्य फेला नपारेको अवस्थाको चित्रण छ । मान्छेका जीवनका यावत् बिम्ब र प्रतीकसँग रमाउँदारमाउँदै सिल्भिया अनिच्छित मृत्युमा पुगेकी थिइन् र कविले उनलाई पुनः जीवित भएर आउन भनेका छन् :

जूनको टलकमा टल्किन्छ
जब तिम्रो समाधिको सुवर्णमय शिला
सन्नाटा जुर्मुराउँछ चर्चको नीरव घाँसेआँगनमा
र अल्लिन थाल्छन् कठोर स्मारकका भित्ताहरू (पृ. ८१)

एउटा सुन्दर चाँदनीमा सिल्भियाको टलक, उनका सिर्जनाका टलक र उनको चिहान वरिपरि टल्किएका सुन्दर शिला र सन्नाटा जुर्मुराएर प्रकृतिले पनि उनको अभाव महसुस गरेको छ' चर्चको घाँसे आँगनले पनि उनको उपस्थिति खोजेको छ । यो नीरवतामा उनको स्मरण र त्यसमा रमाउँदा साँच्चै स्लिभियाका कविता प्रत्यक्ष पढिरहेको जस्तो एक प्रकारको सन्नाटा अनुभूति गरेर कविताले सिल्भियालाई गहिरो रूपमा प्रस्तुत गरेका छन् । ती आदरणीय व्यक्तित्वप्रति अति समर्पित भावनासहितको शान्तिकामी चिन्तन बोकेको कविताको रूपमा प्रस्तुत पङ्क्तिहरू आएको देखिन्छ ।

मानवले मौनताबाट धेरै फाइदा लिन सक्छ । मौनअवस्थामा मनमा जीवनशक्ति सञ्चित हुन्छ । मौनता बाह्यशक्तिको उत्प्रेरक पनि हो । नीरवता सन्नाटाको अवस्था त हो तर सन्नाटा छिचोलेर वर्षा भए जस्तै एउटा अद्भुत एकाग्रतामा मान्छेले आफैँलाई बोध गर्छ, समाजलाई बोध गर्छ र समग्रमा तत्त्वबोध गर्छ । यो बोधको अवस्थामा मान्छेले कसैप्रति गुनासो गर्दैन बरु एउटा चैतन्य र मोक्षप्राप्तिको अपूर्व अवस्थामा पुग्छ । कवि एटम पाठकलाई यस्तै यस्तै नीरवताको साम्राज्यमा यात्रा गराउन सफल भएका छन् ।

## अनन्तता

अनन्तता दार्शनिक चिन्तन हो । मान्छे अनन्तबाट जन्मन्छ र समाप्त भएपछि पनि उसको अस्तित्व सपाट नष्ट नभएर अनन्तमा विलीन हुन्छ भन्ने मान्यता राखिन्छ । कवितामा अनन्तता भनेको उदात्तताको एउटा उपकरण पनि हो । उदात्त चिन्तनले व्यक्तिलाई अनन्तमा सवार गराउन सम्भव बनाउँछ । यस सँगालोको 'स्मृतिको क्याराभान' खण्डका कवितामा अतीतको स्मृति र अनन्ततामा डुबेका कविताहरू अधिक छन् । 'प्रिय आविष्कार' कवितामा कविले अनन्तताको प्रक्रियालाई सटीक रूपमा चित्रण गरेका छन् (सुवेदी, साहित्यपोस्ट डट कम) । प्रणय जब निसर्त हुन्छ, त्यो निस्वार्थ अभिप्रायले निर्देशित हुन्छ र एउटा अनन्त सौम्यता, अनन्त कल्पनाको गुम्फनमा यात्रारत रहन्छ । त्यति बेला व्यक्ति एउटा शून्यताको भयानक महोत्सवमा मदहोस बनेर हराउँदोरहेछ । त्यस अनन्ततामा प्राप्तिअप्राप्ति गौण हुँदारहेछन्, जहाँ हार भएको अनुभूतिको कुनै अस्तित्व हुँदोरहेनछ । त्यो रहस्यको धुनमा, शान्त परिवेशमा थप उर्जाशील (माइटोक्रोन्डिया) भएर जिउन पुग्दोरहेछ मान्छे अनि अन्तर्मनबाट निस्कन थाल्दोरहेछ एक सुन्दर धुन भन्दै कवि लेख्छन् :

अन्तर्मनबाट
शाश्वत स्वर
अपरिमित अभिप्राय
जसै बेहोसिन्छु म
अन्तर्बोधको पिँधबाट (पृ. ४)

यहाँ कविले एउटा अनन्तताको आविष्कार गर्न र प्रेमिकासँग सामीप्यको भव्य अनुभूति प्राप्त गर्न सफल भएका छन् । त्यस शून्यतालाई भेट्टाएर एउटा छुट्टै उत्साहमा प्रेमिल 'युरेका ! युरेका !!' को अन्तर्ध्वनिमा बोल्न थाल्छन् आफ्नै अनन्त हृदयसँग । यहाँ कविले पत्ता लगाएको, आविष्कार गरेको नयाँ कुरा कुनै भौतिक वस्तु होइन, त्यो त आत्मिक र अनन्त भावको भव्य आसक्ति हो, जुन उनको हृदयको तरेलीमा उनकै कल्पना र स्वरूपमा विराजमान छ । कवि अनन्तताको मनमा आफैं रोमाञ्चक बनेर उफ्रिरहका देखिन्छन्, एउटा अनन्तताको छुट्टै गोलार्द्धमा रमाए जत्तिकै ।

कविले 'अस्तित्वको घनत्व' शीर्षकको कवितामा अतीतको प्रेमको स्मरण गरेका छन्, भलै त्यो सधैं सुखद नहुन पनि सक्छ । उदात्त प्रकृतिको सम्बन्धमा अतीतका डोबहरूले पनि विचारशील बनाउँदोरहेछ भन्ने कविलाई लागिरहन्छ । ती रोमाञ्चक यादहरू ! मोहिनी सम्बन्धका छापहरूलाई कविले एउटा अनन्त र असीमित यादहरूमा रूपान्तरण गर्न चाहेका छन् ।

अझै मोहित पारिरहन्छ
यो धुले डगरले
र झन् मन लागिरहन्छ
यही बाटो छिचोल्दै
वायुका पङ्ख जडेर जिउमा
उन्मत्त उडिरहन
पथिक बनेर तिम्रो असीमित यादको ! (पृ. ६७)

सम्बन्ध सुमधुर छ भने समयले मित्रताको स्वाद तिक्ततामा बदल्दैन बरु मिठासको विकास भएर जान्छ । 'पुरानो हुँदैन माया' भने जस्तै अतीतको भन्दा पनि मिठो र यादगार बन्न सक्छन् सम्बन्धहरू । सम्झनाले शक्तिशाली उपहार पनि प्रदान गर्न सक्छ । यादगार समय सधैँ सम्झनलायक हुन्छन् भन्दै कवि अतीतको सम्बन्धप्रति मोहित हुन्छन्, झुम्छन् र उन्मत्त बनेर रोमाञ्चक बाइपङ्खी विमानमा उड्न चाहन्छन् । कवि के विश्वास गर्छन् भने अनन्त गहिराइमा व्यक्त जीवननेच्छालाई यादले थप उज्यालो बनाउन सक्छ ।

'विचारको भुइँकुहिरो' कवितामा कविले प्रकृतिको रोमाञ्चक तर भौतिक रूपमा जटिल र दुखद देखिने परिवेशमा पनि अनन्तताको सुन्दर संसार निर्माण गर्न खोजेका छन् । भुइँकुहिरो, गौँथली उडिरहने आकाश, ग्रहण लागिरहने जूनभित्र पनि शीतलताको आभास गर्दै उनले र भनेका छन् :

शीतलताको आभास भइरहने
केबल उड्दाउड्दै
धागो चुँडिएर बादलभित्रै बिलाइजाने रङ्गीन चङ्गाजस्ता
कतिकति तिम्रा ऊफानी यादहरूको उत्सर्गले... (पृ. ५८)

जबर्जस्त सताइरहने उफानी यादहरूलाई उनले उत्सर्गको संज्ञा दिएका छन् । उड्दाउड्दैको चुँडिएको चङ्गाले दुखित बिम्ब सिर्जना गर्छ तर कवि यसबाट एउटा भौतिक तहभन्दा माथि उठेर अनन्तमा रमाउन चाहेका हुन् । जसरी धागो छिनेको चङ्गा केही क्षण आकाशमा तैरिन्छ; यादहरूका भावनात्मक छालहरूसँगै लहरिएका कविले यसमा सुन्दरताका अनन्त सम्भावनाहरुको ढोका खोलिदिएका छन् ।

मानिसको दैनिकी छोटो छ । जिन्दगीका फ्याहरू पनि अनिश्चित छन् । कविले 'फेरि भेटौँला कुनै दिन' कवितामा आफ्नो निकटतम साथीसँगबाट छुट्दै गर्दाको परिस्थितिलाई स्थापना गरेर सम्बन्ध यात्रामा बिदा लिँदै गर्दाका संशयबाट अनन्तताको परिकल्पना गरेका छन्, जसले सम्भावना र रोमाञ्चको द्वारलाई खुलै राखेको छ । कविलाई विश्वास छैन अर्को पटक भेट होला या नहोला ? पलाउँदै गरेका मुना पनि अन्तिम हुन सक्छन् । सिमलको भुवा झैँ आशाका भुवाहरू उडेर नामेट हुन सक्छन् तर ती अनन्तमा अस्तित्वशील रहने छन् । हाम्रा मुस्कानका बान्कीहरू क्षणिक हुनसक्छन् । सपना टुट्न सक्छन् तर अन्तिम भइसकेका आफ्नै आँखाको चिहानबाट बनेका खरानीबाट पनि फिनिक्स चरा जस्तै सम्भावना चराहरू भुरुरु उड्न सक्लान् अनन्त अनन्तसम्म भन्ने जटिलताबाट नयाँ सम्भावनाको समय देखेर अनन्त गहिराइमा बाँच्न चाहेको कुरा कवि यसरी भन्छन् :

.... अन्तिम अन्तिम भइसकेका
यी सबैलाई जलाएर आफ्नै आँखाको चिहानमा
चाहन्छु म पनि एकपटक पूरै खरानी हुन
र फिनिक्स चराझैँ आफ्नै काखबाट बौरिएर
फेरि भुरुरु उड्न... (पृ. ४५–४६)।

बादलपारिको संसारमा, यो एउटा आत्मिक र अभौतिक संसारमा पर्खिराख, हाम्रो भेट अवश्य हुनेछ; अनन्त सम्भावनाको सम्झनाको किनारमा सम्मोहित भएर हामी पुनः वाचित गर्ने छौ र निःसङ्कोच छलफल गर्ने छौँ भन्दै एउटा आत्मिक अनन्तताको सम्भावनालाई कविले अभिव्यञ्जित गरेका छन् ।

'प्रतीक्षा' कवितामा कविले घोर प्रतीक्षाको घडी सकिन लागेको अनन्त खुसी र रोमाञ्चकताको अनुभूति गर्दै लोन्जाइनसले भने जस्तै प्रकृतिका देखिएको विस्मयकारी दृश्यको वर्णन गरेका छन् । उत्कृष्ट प्राकृतिक सौन्दर्यको अनुभव गर्नु भनेको दृश्यको वर्णन गर्न भाषाको पूर्ण अपर्याप्तताको सामना गर्नु हो । शब्दहरूले दृश्यको मापन व्यक्त गर्न सक्दैन, जुन यति आश्चर्यजनक लाग्छ कि यो केवल महसुस मात्र गरिन्छ । पहाडले लालिमा लगाइसकेको र चराहरू पश्चिमतिर उडिसकेका एउटा असीमित अन्त्यहीनतामा बाँच्दाको स्फुर्तीदायक समयको वर्णन गरेका छन् :

च्यातिएर अन्धकारको बाक्लो पर्दा
पहाडले लालिमा लगाइसक्यो
आकाशमा देखिन थालेको छ घनीभूत नीलिमा,
प्रिय उषा ! (पृ. ३९)

कसैलाई कुर्दाखेरि भोग्नुपर्ने जटिलता र अनन्त मनोरञ्जक क्षणको मनोरञ्जक परिस्थिति सिर्जना गरेर कविले एउटा अद्भुत साम्राज्यको परिकल्पना गरेका छन् । समग्रमा कवि एटमको प्रणयशिक्त नै परिस्थितिको अनन्त मानसिक पक्ष हो, जो असीम सम्भाव्यतको अर्को रूप हो । अनन्ततामा हराउँदाको अनुभूति अवर्णित हुन्छ । धार्मिक व्यक्तिहरूले भगवान्को असीमित विश्वास गर्दै पूर्णता देखे जस्तै प्रेम असीमित छ अनन्त छ भन्नुको अर्थ त्यो एउटा सीमित परिधिमा बाँधिएको छैन । त्यहाँको भव्यता अव्याख्येय छ, केवल अनुभूतिको सञ्चरणबाट मात्र यो भाव सम्भव छ । उदात्त साहित्यमा अनन्त भावनाको फलक निर्माण गर्न सकिन्छ भन्ने अभिप्राय कविको देखिएको छ । आधा रित्तो गाग्री झैँ हल्ला गर्ने कर्कश ध्वनिभन्दा मौनताको शक्ति कैयन् गुना शक्तिशाली हुन्छ भन्ने ध्वन्यार्थ यस कवितांशमा भेटिएको छ ।

## निष्कर्ष

नेपाली कविताको परम्परामा उपासना कविताको सामान्य अस्तित्व पहिलेदेखि नै छ । गोपालप्रसाद रिमालको 'आमाको सपना', लक्ष्मीप्रसाद देवकोटाको 'पागल', विजय मल्लको 'छोरीलाई मानचित्र पढाउँदा', पारिजातको 'मानुषी' जस्ता कवितामा उपासनाको आसक्ति रहेको तथ्य कवि नेत्र एटम स्वयम्ले यस सँगालोको भूमिकामा उल्लेख गरेका छन् । कविले *प्रिय मौनता*का कवितामा प्रकृतिको मानवीकृत रूपलाई व्याख्या गर्ने क्रममा चिन्तनगत उदात्ततालाई छोएका छन् । उनी बिम्ब र प्रतीकहरू उभ्याएर पर्यावरणको अतिमानवीय रूप देखाउन चाहन्छन् । त्यो पर्यावरण जगत्को मूर्त रूपभन्दा पर पुगेर कवि चैतन्यको तहमा निःशब्द बन्छन्, मौन हुन्छन्, अनन्तमा मस्त हराउँछन् अनि नीरवताको छुट्टै सौन्दर्यमा डुब्छन् । समग्रमा एउटा उदात्त चिन्तनको स्थापना गर्ने कविको प्रयोजन वर्तमान यान्त्रिक दुनियाँबाट एउटा भव्य र दिव्य नीरवतामा रमाएको सुखी एवम् समृद्ध स्वस्थ चिन्तनको परिकल्पना गर्न सफल देखिन्छ । अतिशय भौतिकवाद, अपेक्षा र प्राप्तिको विरोधाभास, चरम उपभोगवादी मानवीय स्वभाव, अति महत्त्वाकाङ्क्षा आदि आजका मान्छेका ज्वलन्त भोगाइ हुन् । यसैका कारण सामाजिक विभेद र पृथकतामा बाँचेको वैश्विक परिस्थितिलाई थोरै बुद्धत्व, प्रणयको सकारात्मक प्यासन, उर्जासञ्चरण गरिरहने प्रकृति, समर्पणको प्रकाश आदि पक्षसँगको आत्मसातीकरणबाट मात्र सुखी र चैतन्यको अनुभूतिसहित बाँच्न सकिन्छ भन्ने कविको उदात्त वैचारिकी कवितामा पुष्टि भएको छ ।

## सन्दर्भसामग्री

उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा,* काटमाडौंः अक्षर क्रियएसन्स नेपाल ।

एटम, नेत्र (२०७७), *प्रिय मौनता,* काठमाडौँः शिखा बुक्स ।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँः नेपाल प्रज्ञा-प्रतिष्ठान ।

दमाईं, पुष्प (२०७७), प्रिय मौनता र नीरवताको सौन्दर्यशास्त्र, नेत्र एटम, *प्रिय मौनता,* काठमाडौँः शिखा बुक्स ।

सुवेदी, अभि (२०३०), *पाश्चात्य काव्य-सिद्धान्त,* काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, हेमा (२०२२), 'प्रिय मौनताका कवितामा मौन वाचालता' *साहित्य पोस्ट,* https://sahityapost.com/gair-aakhyan/gair-aakhyan-samicha/35496/ [Accessed, Feb, 27, 2023].

Abrams, M. H. (2003). *A Glossary of Literary Terms*. 7th ed. New Delhi: Harcourt.

*Atkins, J.W.* (1934). *Literary Criticism in Antiquity : A Sketch of Its Development* Volume 1. New York: Routledge.

Burke, Edmund. (1992). A Philosophical Inquiry Into the Origin of Our Ideas of the Sublime and Beautiful.' *Critical Theory since Plato*. Ed. Hazard Adams. New York: Harcourt.

DeVries. G.J (1959). Loginus, Peri ipusus, Germany: Harrassowitz Verlag

Kant, I. (2011). *Observations on the Feeling of the Beautiful and Sublime and Other Writings*. New York : Cambridge University Press.

Kennedy, G. A. (1991). "Classical Rhetoric and Its Christian and Secular Tradition from Ancient to Modern Times." *On the Sublime*.

Levin, E. (2015). *Art and the Limits of Perception*. USA: Olympia Publishers.

Longinus, 1992. 'On the Sublime.' *Critical Theory since Plato*. Ed. Hazard Adams. New York: Harcourt.

Roran. R. (2015). *The Theory of the Sublime from Longinus to Kant*, England: Cmabridge University Press.

Russell, D. A. (1989). *Longinus on the Sublime*. England: Oxford University Press.

Sedley, D. (2004). "Sublimity and Skepticism in Longinus." *The Philosophy of Epictetus*,ed. T. Scaltsas and A. S. Mason.